लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

पत्र संख्याः २०८०/०८१
चलानी नं.

**अनुसची-३४**

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०८/२६**

कृषि ज्ञान केन्द्र बाँकेको आ. व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका **कृषि विकास** कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले **१५** दिन भित्र (मिति २०८०/०९/१० गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट .akcbanke.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८१-५३००२७/५३०२२५ मा वा यस केन्द्रमा कार्यरत वागवानी विकास अधिकृत श्री राम प्रकाश यादव (९८४५४३४५५७)/कृषि प्रसार अधिकृत श्री अनिश श्रेष्ठ (९८६८१८३०९९) लाई सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

पुनश्चः प्रस्ताव दिने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समयभित्र निवेदन पेश गर्न सकिने छ ।

शकील अहमद
निमित्त कार्यालय प्रमुख

इमेलः akcbanke@gmail.com

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५३००२७/५३०२२५

कृषि भवन
नेपालगञ्ज, बाँके

पत्र संख्याः २०८०/०८१
चलानी नं.

तपसिलः

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतममापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | कृषि उपज भण्डारणका लागि कोल्ड च्याम्बर स्थापना | • साना चिस्यान केन्द्र निर्माण र सञ्चालन,<br>• आवश्यक उपकरण, ट्रस निर्माण, र्‍याक, क्रेट तथा अन्य सामग्रीहरू खरिद । | • बीउ वा तरकारी वा फलफूल भण्डारण वा बजारीकरण कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी/बजार समिति सहभागी हुन सक्ने,<br>• कम्तीमा ५ बर्षसम्म सञ्चालन गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने,<br>• साना चिस्यान केन्द्र कम्तीमा ५ टन क्षमताको हुनुपर्ने,<br>• चिस्यान केन्द्र मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयमको हुनुपर्ने। | कोहलपुर नगरपालिका | फर्म/कम्पनी/कृषक समूह/सहकारी/ बजार समिति | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| २ | बीउ भण्डारणका लागि पूर्वाधार निर्माण सहयोग | • बीउ भण्डार गृह निर्माण सहित आवश्यकता अनुसार थ्रेसिङ्ग फ्लोर निर्माण, बीउ प्रशोधनका लागि आवश्यक यन्त्र उपकरण खरिद । | • बीउ उत्पादन, प्रशोधन तथा भण्डारण गर्ने उद्देश्य भएको फर्म/कम्पनी/ कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• लागत अनुमान तयार गर्नुपर्ने,<br>• वार्षिक न्यूनतम २० मे टन खाद्यान्न बालीको बीउ प्रशोधन/भण्डारण गर्ने क्षमताको बीउ प्रशोधन/भण्डारण निर्माण गर्ने प्रतिवद्धता गर्नुपर्ने, | जानकी गाउँपालिका | फर्म कम्पनी, कृषक समूह, सहकारी | फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |

शकील अहमद
निमित्त कार्यालय प्रमुख

फोन नं. ०८१-५३००२७/५३०२२५
कृषि भवन
नेपालगञ्ज, बाँके

पत्र संख्याः २०८०/०८१
चलानी नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • कम्तीमा १ वर्ष बीज बृद्धि कार्यमा संलग्न भएको हुनुपर्ने,<br>• पूर्वाधार निर्माणका लागि कम्तीमा १ रोपनी जग्गा हुनुपर्ने,<br>• बीउ उत्पादक वा बिक्रेताको इजाजत पत्र भएको हुनुपर्ने।<br>• बीउ उत्पादक कृषकहरूलाई बीउ उत्पादन अभिमुखीकरण गर्नुपर्ने । | | | |
| ३ | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम (कृषि) | • अचार, गुन्द्रुक, सिन्की, मस्यौरा, केच अप, भाँगो/टिम्मुरको अचार/छोप, कोदो/फापरको परिकार, बेसार/ खुर्सानीको धुलो, फलफूल प्रशोधन (पेय पदार्थ सहित) लगायतका स्थानीय उत्पादनको प्रशोधन तथा बजारीकरण सहयोगसँग सम्बन्धित मेशिनरीहरू, क्यारेट, प्याकेजिङ्ग तथा लेबलिङ्ग लगायत क्रियाकलापहरूमा सहयोग । | • कार्यालयले प्राविधिक कार्यदल मार्फत कृषि उद्यम सञ्चालनको लागि सम्भाव्य क्षेत्रबाट लघुउद्यम सञ्चालन गर्न ईच्छुक फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गर्नुपर्ने ।<br>• प्रशोधन सम्बन्धी तालिम लिएका तथा अनुभव भएकालाई प्राथमिकता दिन सकिने,<br>• स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगहरूलाई प्राथमिकता दिने ।<br>• स्थानीय सम्भाव्यताको आधारमा साना प्रशोधन उद्योग प्रवद्धन गर्नुपर्ने । | जिल्ला भरी | फर्म कम्पनी, कृषक समूह, सहकारी | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने<br>• कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |
| ४ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ,लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद, | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा | जिल्लाभरी | कृषक, फर्म, कम्पनी, कृषक समूह, सहकारी, जला उपभोक्ता समिति | • पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ |

शकील अहमद
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५३००२७/५३०२२५
कृषि भवन
नेपालगञ्ज, बाँके

पत्र संख्याः २०८०/०८१
चलानी नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • सिंचाई कुलो/पोखरी, स्यालो/डिप बोरिङ्ग,लिफ्ट सिंचाई निर्माण तथा सुधार । | (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने । | | | ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा अधिकतम ५० प्रतिशत,<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान । |
| ५ | कृषि सहकारी मार्फत कृषि प्रसार कार्यक्रम | • कृषि प्रसार (प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि) क्रियाकलापहरूः तालिम, भ्रमण, सचेतना गोष्ठी, प्रदर्शन, माटो व्यवस्थापन, बाली संरक्षण, बीउ उपचार सेवा आदि ।<br>• पूजीगत निर्माण, खरीद तथा अन्य कृषि विकास क्रियाकलापहरुः साना सिंचाई विकास कार्यक्रम, गोदाम घर निर्माण, बीउ प्रशोधन मेशिन खरिद, खलो निर्माण, प्रशोधन उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा अन्य आवश्यक पूंजिगत क्रियाकलाप ।<br>• उत्पादन तथा बजारीकरण क्रियाकलापहरूः उत्पादन सामग्रीहरू, बजारीकरणको लागी | • मापदण्ड अनुसूची ४५ मा तोकिए बमोजिम हुनेछ । | जानकी र डुडुवा गाउँपालिका | कृषि सहकारी संस्थाहरु | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने ।<br>• कृषि प्रसार (प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धि) क्रियाकलापहरूः शत प्रतिशत कार्यालयको सहयोग रहने ।<br>• पूजिगत निर्माण, खरिद तथा अन्य कृषि विकास क्रियाकलापहरुः सामुहिक प्रयोजनको हकमा अधिकतम ८५ प्रतिशत वा व्यक्तिगत प्रयोजनको हकमा अधिकतम ५० प्रतिशत अनुदान ।<br>• उत्पादन तथा बजारीकरण क्रियाकलापहरूः अधिकतम ५० |

इमेलः akcbanke@gmail.com
वेबसाइटः www.akcbanke.gov.np

फोन नं. ०८१-५३००२७/५३०२२५
कृषि भवन
नेपालगञ्ज, बाँके


पत्र संख्याः २०८०/०८१
चलानी नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ग्रेडिङ्ग/प्याकेजिङ्ग सामाग्रीहरू लगायत अन्य सामाग्रीहरू। <br>• व्यवस्थापकिय क्रियाकलापहरू: बैठकहरूमा खाजाको व्यवस्था, आवश्यक स्टेशनरी, होर्डिङ्ग बोर्ड, फर्निचर फिक्चर्स तथा अन्य सामाग्रीहरू। <br>• क्रियाकलापहरूको विस्तृतीकरण अनुसूची ४५ मा तोकिए बमोजिम हुनेछ। | | | | प्रतिशत अनुदान । <br>• व्यवस्थापकिय क्रियाकलापहरू: अधिकतम रु. १ लाख खर्च गर्न सकिने । |
| ६ | बीउ आलुको ढुवानी,बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम | • शीत भण्डारण शुल्क सहयोग, <br>• बीउ ढुवानी, <br>• बोरा खरिद/छपाई। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/ सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने, <br>• आ.व. उल्लेख गरी बोरा छपाई गर्नुपर्ने <br>• सूचना आह्वान अनिवार्य नरहेको । | जिल्लाभरी | कृषक, फर्म, कम्पनी, कृषक समूह, सहकारी | • शीत भण्डारण शुल्कमा अधिकतम ७५ प्रतिशत र अन्यको हकमा अधिकतम ५० प्रतिशत अनुदान । |
| ७ | पुष्प उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | • आवश्यक सामग्रीहरू बीउ/बेर्ना/गानो, टनेलका लागि प्लाष्टिक,सेड नेट, ईन्सेक्ट नेटआदि खरिद, <br>• प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीसहभागी हुन सक्ने, <br>• कार्यालयले निर्माण गरेको स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिने। | जिल्लाभरी | कृषक,फर्म, कम्पनी, कृषक समूह, सहकारी | • सामग्रीको हकमा अधिकतम ५० प्रतिशत, <br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत <br>• बीउ/बेर्ना/गानो र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत <br>• प्रति आयोजना अधिकतम रु. २.५ लाख अनुदान। |

शकील अहमद
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

पत्र संख्याः २०८०/०८१
चलानी नं.

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन । (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३७ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र) ।
११. चालु आ.व.को मालपोत तिरेको रसिदको प्रतिलिपी ।

२०८०/१०/२३
शकील अहमद
निमित्त कार्यालय प्रमुख

इमेलः akcbanke@gmail.com